# ओझेल पछिको उज्यालो



किशोर किशोरी भए दक्ष,
बन्छ देशको भविष्य

# प्राक्कथन

नेपाल लगायत विश्वका धेरै मुलुकहरुमा किशोरहरु भन्दा किशोरीहरुलाई शिक्षा, स्वास्थ्य, श्रम लगायत क्षेत्रमा विभेद देख्न सकिन्छ । किशोरीहरुको अवस्था तुलनात्मक रुपमा किशोरको भन्दा कमजोर भएको हुँदा किशोरीहरुको पहुँचका लागि सरोकारवालाहरुले महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने आवश्यकता अझ बढेको छ । विगत २ दशकमा शिक्षा क्षेत्रमा सुधार आएपनि पछाडि परिएका समुदायका किशोरीहरु अझै शिक्षा जस्तो आधारभूत अधिकार पाएका छैनन् ।

१५-१९ उमेर समूहका हरेक ५ जना किशोरीहरु मध्ये २ भन्दा बढीको विवाह भइसकेको हुन्छ (NDHS 2011)। सोही उमेर समूहका १७% किशोरीहरु पहिलो पटक गर्भवती वा आमा भईसकेको अनुसन्धानले देखाउँछ । किशोरावस्थामा गर्भवती हुनाले किशोरीहरुको शैक्षिक अवसरहरु र वृत्ति विकासमा बाधा पुग्दछ ।

तर हालसम्म प्रगति नै भएको छैन भनेर भन्न पनि मिल्दैन । पहिलाको तुलनामा हाल विद्यालय जाने किशोरीहरुको संख्या बढेको छ । आफ्नो अधिकारका बारेमा खुलेर बोल्न थालेका छन् । किशोरहरुको अधिकारलाई प्रबद्धन गर्न, उनीहरुले सामना गरेका चुनौतीलाई सम्बोधन गर्न तथा उनिहरुले भोगिरहेको समस्याहरु राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा उजागर गर्न हरेक वर्ष ११ अक्टोबरमा संयुक्त राष्ट संघको अगुवाइमा अन्तराष्ट्रिय बालिका दिवस मनाइन्छ ।

यस वर्षको अन्तराष्ट्रिय बालिका दिवसको नारा "किशोरीहरुको सशक्तिकरण: हिंसाको चक्रको अन्त्य" नेपालको सन्दर्भमा धेरै सान्धर्विक छ । किनकी NDHS 2011 Further Analysis का अनुसार १५ वर्षमा बिहे गरेका किशोरीहरु मध्य ३४% ले शारिरीक हिंसा तथा २१% ले यौन हिंसा खेपेका हुन्छन् भने २० वर्षमा बिहे गर्ने मध्य जम्मा १४% ले शारीरिक हिंसा र ९% ले यौन हिंसा खेपेका हुन्छन् ।

राष्ट्रको भविष्य किशोरीहरुको हातमा रहेको हुँदा उनीहरुमा लगानी बढाई बृहत शान्ति, प्रगति तथा सम्मृद्धि हासिल गर्न सकिन्छ । एउटा यथार्थ के पनि हो भने किशोरीहरुको भोगिरहेको समस्या समाधान गराउन मिडियाको भुमिका महत्वपूर्ण

रहन्छ । तालिम प्राप्त प्रत्रकारहरुले किशोरीहरुको सवालहरुलाई निरन्तर उठान गर्ने तथा अझ प्रथमिकता दिने हुनाले संयुक्त राष्ट्र जनसंख्या कोष (यूएनएफपिए) ले गत वर्षको अन्तराष्ट्रिय बालिका दिवसको अवसरमा "बालिका शिक्षाकोलागी नविनता" भन्ने नाराका साथ मनाउने क्रममा तीनवटा विकास क्षेत्रमा तालिम सञ्चालन गरेको थियो । यस पुस्तिकामा छापिएका खोजमुलक लेखहरु उक्त तालिममा सहभागि हुनुभएका पत्रकारहरुले तयार गर्नुभएको हो । उहाँहरु सबै लाई म यूएनएफपिएको तर्फबाट र व्यक्तिगत रुपमा धन्यवाद दिन चाहान्छु ।

यस पुस्तिकामा विभिन्न जिल्लाका किशोरीहरुले आफुले भोगेका समस्याहरुलाई चिरेर कसरी शसक्तिकरणको बाटोमा लम्कन सकिन्छ भन्ने पात्रहरुको संघर्षको कथा समावेश गरिएको छ । आशा छ यस पुस्तिकाले अरु किशोरीहरुलाई प्रेरणा दिनेछ र किशोरीका लागि काम गर्ने सबै सरोकारवालालाई यस क्षेत्रमा अझ बढि काम गर्ने प्रोत्सहान गर्नेछ ।

अन्तमा यस पुस्तिकाले किशोरकिशोरीका विभिन्न सवालहरु संग जानकारी गराउन तथा जनचेतना जगाउनमा महत्वपुर्ण भुमिका खेल्नेछ भन्ने आशा मैले लिएको छु ।

धन्यवाद ।


**जुलिया भलिसी**

**प्रतिनिधि**

**संयुक्त राष्ट्रसंघीय जनसंख्या कोष** (यूएनएफपिए)

# विषय सूची


| शीर्षक | पृष्ठ |
|---|---|
| १. दैनिक १० घण्टा काम गर्ने बालिका पढाइमा अब्बल | १ |
| २. एचआईभी संक्रमित महिला बनिन प्रेरणाकी स्रोत | २ |
| ३. पढ्ने रहरलाई छेक्न सकेन गरिबीले | ३ |
| ४. ग्रामीण भेगमा सञ्चालित कार्यक्रमका कारण एकजना विवाहित किशोरीले फेरि विद्यालय जान पाइन् | ४ |
| ५. मैले नि पढ्न पाएको भए अहिले यसरी गिट्टी कुट्नु पर्ने थिएन होला | ६ |
| ६. आठ बर्षपछि एसएलसी पास गरिन् नानुमैयाले | ७ |
| ७. पढाइले बालविवाह टऱ्यो | ८ |
| ८. अनमी पढेकी सगुफा गाउँलेकी "डाक्टर्नी" भइन् | ९ |
| ९. आफ्नै संघर्षले सफल बनायो अम्बिकालाई | १० |
| १०. नन्दिता किशोर-किशोरीकी अगुवा | १२ |
| ११. चुलो-चौकादेखि नेतृत्व तहसम्म | १४ |
| १२. महिला हिंसाविरुद्ध १६ बर्षे किशोरी | १७ |
| १३. आर्थिक रुपमा आत्मनिभर गीता | १९ |
| १४. यौन तथा प्रजनन स्वास्थ्य शिक्षाको जनचेतना फैलाउछिन् विनिता | २१ |
| १५. कमलरी मुक्ती अभियानकी अगुवा बनिन पुर्व कमलरी | २३ |
| १६. बाल-विवाहविरुद्ध बालिका | २६ |
| १७. आफ्नो र बहिनीको सपना पुरा गरिन सावित्राले | २८ |
| १८. बाल-विबाह पीडितलाई दलित किशोरीले बाटो देखाईन | ३० |
| १९. दृष्टिविहीन कमला बनिन् असल गुरुआमा | ३२ |
| २०. एकल महिला बनिन् सफल उद्यमी | ३५ |

**प्रकाशन मिति:** २०७१

**डिस्क्लेमर**: यस प्रकाशन भित्रका लेखहरु मार्फत व्यक्त गरिएका विचार, भावना, तथ्यांकहरु, अथवा व्यक्ति वा संघसंस्थाहरु संग जोडिएका भनाइहरु यूएनएफपिएको आधिकारिक होइन ।

**कभर फोटो:** कभर पेजको तस्विर कपिलवस्तुमा खिचिएको हो ।

**सर्वाधिकार:** यूएनएफपिए

# दैनिक १० घण्टा काम गर्ने बालिका पढाइमा अब्बल

– रीता चन्द

बैतडी जिल्लाको उत्तरपूर्वी गाविस मल्लादेही- ३ डणपुरकी बागमती साउद १४ वर्षकी भइन् । उनी बिहान पाँच बजे उठ्छिन् र आमासँगै ढिकी जाँतो गर्छिन् । भकारो सोहोर्छिन् । अनि आधा घण्टा टाढाको क्वाँखोलाबाट कम्तिमा चार गाग्रो पानी पिठ्युँमा बोकेर ओसार्छिन् । त्यसपछि गाईवस्तुलाई घाँस काट्न जान्छिन् । बिहान ९ बजेपछि भने उनी हतार-हतार गाँस टिपेर एक घण्टा टाढाको विद्यालय हानिन्छिन् ।

छिमेकी गाविस विजयपुरको गलेश्वर माविमा कक्षा आठमा पढ्ने बागमती साउद कक्षाकी उत्कृष्ट छात्रा हुन् । यो विद्यालयमा अध्ययनरत करिव पाँच सय विद्यार्थीमध्ये आधाभन्दा बढी छात्रा छन् । सबै छात्राहरु मध्येकी मेधावी छात्राको रुपमा प्रधानाध्यापक केशव चन्दले समेत बागमतीलाई चिनेका छन् । बागमती कक्षामा सँधै प्रथम वा द्वितिय हुने गरेकी छन् ।

बागमती चार बजे विद्यालयबाट घर फर्किएपछि उनको कामको सिलसिला फेरि सुरु हुन्छ । बिहान नौ बजे खाना खाएपछि पाँच बजे मात्रै खाजा खान पाउँछिन । पाँचदेखि छ बजेसम्म उनले कहिले खेतबारीको काम गर्नुपर्छ भने कहिले दाउरा घाँस गर्न जानुपर्छ ।  साँझ छ बजेपछि बेलुकाको खानाका लागि पूर्वाधार तयार गर्ने जिम्मा सँधै उनकै हो । कहिलेकाँही त बेलुकाको खाना समेत उनैले पकाउनुपर्छ । मेलापातबाट आमा बेलैमा फर्किनु भयो भने बागमतीलाई गृहकार्य गर्न अली बढी समय निस्किन्छ । नत्र प्रायः बेलुकाको धन्दा भ्याएर र ाति १० बजेपछि मात्रै उनले गृहकार्य गर्ने समय पाउँछिन् ।  उनी अधिकांश रात पढ्दा पढ्दै निदाउँछिन् । उनलाई कहिले आमाले, कहिले बुवाले त कहिले दाइले ओछ्यानमा लगेर सुताइदिन्छन् ।

१४ बर्षे बालिका बागमती साउद आफूले जतिसुकै कडा शारीरिक र मानसिक श्रम गर्नु परे पनि पढ्नुचाँहि पर्छ भन्ने ठान्छिन् । त्यहि इच्छाशक्तिले होला दैनिक सरदर १० घण्टा घरको काम गर्ने यी बालिका पढाइमा अब्बल छिन् ।

# एचआईभी संक्रमित महिला बनिन प्रेरणाकी स्रोत

*– लोकेश साउद*

बैतडी- डेढ दशक भारतमा मजदुरी गरेर घर फर्केका ३८ वर्षीय पुरुषसँग १५ बर्षको उमेरमा जमुना (नाम परिवर्तन) को जबरजस्ती बिहे भयो । उनका श्रीमान् एचआईभी संक्रमित थिए तर कसैलाई थाहा दिएका थिएनन् । बिहे भएको पाँच बर्षपछि श्रीमान्को मृत्यु भयो । त्यो बीचमा गंगाका एक छोरा र एक छोरी जन्मिसकेका थिए ।

लोग्नेको मृत्यु भएपछि शंका लागेर रगत जाँच गराउँदा जमूना र उनका छोरालाई पनि एचआईभी संक्रमण भएको देखियो । छोरीमा भने देखिएन । त्यसपछि थप उपचारका लागि उनी धनगढी आइन् । त्यहाँ बस्दा उनले एचआइभीका बारेमा धेरै जानकारी हासिल गरिन् । आमा छोराले 'एआरभी' नामक औषधी सेवन गर्न थाले ।

सुरुमा गंगालाई छर-छिमेकले छि-छि दुर-दुर गर्थे । एचआईभी संक्रमित भएकै कारण उनका छोरालाई विद्यालयले निकालिदियो । आफूमाथि समाजले गरेको दुर्व्यवहारबारे उनले बैतडी प्लस नामक संस्थामा सुनाइन् । संस्थाले उनलाई मनोसामाजिक परामर्श दियो । उनको आत्मविश्वास बढ्दै गयो र उनले आफूप्रति दुर्व्यवहार गर्नेविरुद्ध प्रहरीमा उजुरी गर्ने चेतावनी दिइन् । त्यसपछि उनीहरुप्रति दुर्ब्यवहार गर्नेहरु हच्किए ।

जिल्ला स्वास्थ्य कार्यालयले एचआईभीको उच्च जोखिम भएका ठाउँहरुमा स्वयं संक्रमितहरुलाई परिचालन गरेर जनचेतना फैलाउने काम गर्छ । जमुना पनि यतिखेर त्यहि कार्यक्रम अन्तरगत आफ्नो कथा सुनाउँदै आफूजस्तै संक्रमितलाई नयाँ जीवन जिउन उत्प्रेरित गर्छिन् । त्यसमाथि, जिल्ला अस्पताल बैतडीमा बिरामीहरुको हेरचाह गर्ने तथा उनीहरुलाई एचआइभी एड्सबारे विभिन्न जानकारी दिने काम समेत पाएकी छन् ।

जमुना बैतडी सदरमुकाम दशरथचन्द नगरपालिका-८ स्थित एक गाउँमा बस्छिन् । गंगाको छोरा अहिले १४ बर्षका भएका छन् भने छोरी आठ वर्षकी छन् । दुबै पढाइमा राम्रो गरिरहेका छन् ।

# पढ्ने रहरलाई छेक्न सकेन गरिबीले

– उत्तर बिष्ट

आठ बर्ष पहिले जोगबुढा डडेल्धुराकी गौरी नेपाली शसस्त्र द्वन्द्वका कारण गाउँबाट विस्थापित भएर जिल्ला सदरमुकाम आउन बाध्य भईन् । गाउँमा दशसम्म पढेकी उनको सदरमुकाममा केही थिएन, कोही थिएन । घरबाट खर्च धान्न सक्ने अवस्था थिएन । बुवाको स्वर्गारोहण भई सकेको थियो । आमालाई भाई बहिनीको लालन-पालन र घर धान्नै मुश्किल थियो ।

पढ्न असाध्यै रहर गर्ने गौरीका लागि एसएलसी पछिको पढाई त आकाशको फल झैं भईसकेको थियो । तैपनि उनले हिम्मत हारिनन् । दुईबर्ष जति सदरमुकाममै ज्याला मजदुरी गरेर केहि खर्च जुटाईन् अनि कलेज भर्ना भईन् र जेनतेन बाह्र कक्षा पास गरिन् । त्यसलगत्तै उनले जिल्लाकै एउटा गैरसरकारी सँस्थामा सामाजिक परिचालकको काम पाईन् । केहि समयपछि आफ्ना भाई बहिनीहरुलाई समेत सदरमुकाममा ल्याएर पढाउन सक्ने भईन् ।

उच्च मनोवल, दृढ आत्मविश्वास तथा सकारात्मक सोचले गर्दा जस्तोसुकै प्रतिकुल अबस्थामा पनि गौरीले आफ्नो पढाई प्रतिको रुचि पुरा गरेकी छन् भने संस्थागत रुपमा नेतृत्व सम्हाल्न सक्ने भएकी छन् । यतिखेर उनी डडेल्धुरामा रहेको ग्रामिण वातावरण विकास केन्द्र नामक संस्थाको उपाध्यक्ष रहेर जिल्लामा विभिन्न कार्यक्रम सञ्चालन गरिरहेकी छन् ।

नेपाल सरकारले युवा स्वरोजगार कोष कार्यक्रम अन्तरगत विभिन्न खाले शिपमुलक तालिम दिन शुरु गरेपछि उनले आफ्नो अर्को एउटा रहर पनि पुरा गर्ने मौका देखिन् । उनले द्वन्द पिडीतको कोटाबाट हलुका खाले गाडी चलाउन सिकिन । त्यसोत, डडेल्धुरामै बसेर ड्राईभिङ्ग सिक्ने एक मात्रै महिला हुन् उनी ।

सुरुमा भाडामा ट्याक्सी चलाउने र भविष्यमा आफै ट्याक्सी मालिक बन्ने गौरीको योजना छ । गौरी नेपालीले भोगेको पिडा र गरेको संघर्ष उनको जस्तै आर्थिक तथा सामाजिक अबस्था भएका धेरै किशोरीहरुका लागि यतिखेर प्रेरणाको श्रोत भएको छ ।

# ग्रामीण भेगमा सञ्चालित कार्यक्रमका कारण एकजना विवाहित किशोरीले फेरि विद्यालय जान पाइन्

*– अनु खनाल*

महोत्तरी- महोत्तरीको एउटा निम्न किसान परिवारमा जन्मिएकी गीता (नाम परिवर्तन) १४ वर्षकी भएपछि बाबु-आमाले स्कुलबाट जवरजस्ती निकालेर छिमेकी गाउँको केटासँग बिहे गरिदिए ।

महोत्तरीका धेरै गाउँहरु गरिब र अविकसित छन् । ती गाउँमा लैंगिक हिंसा तथा लैंगिक विभेद व्याप्त छ। लैंगिक विभेद र बालिकाहरुलाई समाजको तल्लोस्तरमा राखेर हेर्ने दृष्टिकोणले गर्दा ती गाउँमा बालविवाह, दाइजो प्रथा, कम उमेरमा हुने गर्भवती जस्ता समस्याहरुले सामाजिक मान्यता पाएका छन् । त्यहाँ जति सानो उमेरमा छोरीको विवाह गरिदियो दाइजो पनि त्यतिकै कम दिनुपर्ने भएकाले छोरीको विवाह प्रायः सानै उमेरमा गरिदिने चलन छ ।

एकपटकको कुरा हो, गीता माइती आएका बेला एकजना मनोपरामर्शदाता त्यो गाउँमा आएका थिए । उनले गाउँलेहरुलाई बालविवाह र कम उमेरमा गर्भवती भए हुनसक्ने खतराका बारेमा सचेत गराएका थिए । ती परामर्शदाता UNFPA, UNICEF तथा UN Women को आर्थिक सहयोगमा सञ्चालित लैङ्गिक हिंसाविरुद्ध बहुपक्षीय रोकथाम तथा सम्बोधन कार्यक्रम अन्तरगत गीताको माइतीगाउँ पुगेका थिए । उनले चार कक्षामा पढ्दा पढ्दै विद्यालय छोड्न बाध्य पारिएकी गीतालाई फेरि पढाइ सुरु गर्न उत्प्रेरित गरे । गीताका बा-आमा सुरुमा त राजी भएनन् तर पटक पटकको कुराकानीपछि उनीहरुले गीतालाई फेरि विद्यालय जाने अनुमति दिए ।

त्यसो त गीताका श्रीमान् तथा सासु ससुरालाई पनि ति परामर्शदाताले धेरै सम्झाउनु पऱ्यो । उनले गीताको शिक्षाको महत्वका बारेमा मात्रै हैन कम उमेरमा गर्भवती हुँदाका खतराका बारेमा पनि उनीहरुलाई सम्झाएका थिए ।

गीता अहिले १७ वर्षकी भइन् र सात कक्षाको पढाइ पूरा गरेकी छन् । अहिलेसम्म उनी गर्भवती भएकी छैनन् । उनी आफू २० वर्षकी भएपछि मात्रै बच्चा जन्माउन चाहन्छिन्, यद्यपि उनलाई बच्चाको रहर धेरै लाग्छ ।

# मैले नि पढ्न पाएको भए अहिले यसरी गिट्टी कुट्नु पर्ने थिएन होला

*– भरत नेपाली*

एक विहान पिँठ्यूमा बच्चा बोकी गिट्टी कुट्दै गर्दा रोल्पा लिवाङ-७ बामरुककी देउसरी बिक (नाम परिवर्तन) का छेउबाट विद्यालय पोसाक लाएका एकहुल केटाकेटी विद्यालयतिर लागे । तिनलाई देख्दा देउसरीको गह भरिएर आयो अनि आफैँसँग विलौना गरिन्- 'मैले नि पढ्न पाएको भए अहिले यसरी गिट्टी कुट्नु पर्ने थिएन होला' ।

देउसरी सानै उमेरमा बाबुको मायाबाट बञ्चित भइन् । गरिबीका कारण आमा र दाजुहरुले उनलाई दुई कक्षाभन्दा माथि पढाउन सकेनन् । बरु पैसा कमाउनुपर्छ भन्दै दश बर्षकै उमेरदेखि उनलाई गिट्टी कुट्ने काममा लगाइदिए ।

शिक्षा र चेतनाको अभाव भएको परिवारले १४ बर्षकै उमेरमा देउसरीको बिहे गरिदियो । उनि १७ बर्ष नपुग्दै दुई सन्तान जन्मिए । कलिलै उमेरमा बच्चा जन्माउँदा उनको स्वास्थ्यमा गम्भीर असर त पर्‍यो नै  त्यसमाथि उनले विभिन्न खाले घरेलु हिंसा समेत भोग्नु पर्‍यो । रोजगारीका लागि साउदी अरब पुगेका श्रीमान् लामो समयसम्म सम्पर्कबिहीन भए । अति भएपछि छोराछोरी छोडेर उनले १८ बर्षको उमेरमा माइती गाउँकै केटासँग दोश्रो बिहे गरिन् । दोश्रो श्रीमान्का तर्फबाट उनका दुइटा बच्चा जन्मिए ।

पहिलो श्रीमानको मायाबाट बञ्चित देउसरीले दोस्रो बिहे गरे पनि श्रीमान्को साथ भने पाउन सकेकी छैनन् । उनका श्रीमान् विगत केहि बर्षदेखि जिल्ला कार ागार रोल्पामा बन्दी जीवन बिताइरहेका छन् ।

बिहान आठ बजे गिट्टी कुट्न जानु र साँझ छ बजे घर फर्कनु देउसरीको दैनिकी हो । चार जनाको परिवार पाल्न र छोराछोरी पढाउनका लागि गिट्टी कुट्न बाहेक उनी अर्को उपाय देख्दिनन् । खोजी गर्दा केहि भेटेकी पनि छैनन् ।

आफ्नो नाम बल्ल तल्ल लेख्ने देउसरीलाई अझै पनि पढ्न पाए जीवन सहज हुन्थ्यो कि, छोराछोरीलाई राम्ररी हुर्काउन सक्थेँ कि भन्ने चाँहि लागिरहन्छ ।

# आठ बर्षपछि एसएलसी पास गरिन् नानुमैयाले

*– विश्वराज तामाङ*

उदयपुर सिद्धिपुर- ७ की नानुमैया राई (२७) को दुईबर्ष अघिसम्म तीन सन्तानकी आमा र गृहिणीबाहेक अर्को परिचय थिएन । तर दुई बर्षअघि संयुक्त राष्ट्र संघ जनसंख्या कोष (युएनएफपीए)को सहयोगमा सञ्चालित किशोरीहरुका लागि सीप विकास तथा चेतना अभिवृद्धिको १० दिने तालिममा सहभागी भएपछि उनले आफ्नो परिचय फेर्ने जमर्को गरिन् । अहिले उनी छिमेकी गाविससम्म समाजसेवी र अगुवा महिला भएर चिनिएकी छन् ।

नानुमैया राईले २०६० सालमा पहिलोपल्ट एसएलसी दिएकी थिइन् । परीक्षा बिग्रिएपछि बाबुआमाले बिहे गरिदिए त्यसपछि उनको पढाइ रोकियो । तर दुई वर्षअघि लिएको चेतना अभिबृद्धि तालिमले उनमा फेरि पढ्ने आँट पलायो । आठ बर्ष पछि नानुमैयाले २०६९ सालमा  एसएलसी दिइन् र द्वितीय श्रेणीमा उत्तीर्ण भइन्  । उनका लागि यो जीवनकै सबैभन्दा ठूलो सफलता हो । त्यसो त उनलाई अझै पढ्ने रहर छ तर नजिकै उच्च शिक्षाका लागि क्याम्पस छैनन् । टाढा धाउने अवस्था छैन ।

सीप विकासको तालिमपछि उनी गाउँकी अगुवा महिला भएकी छन् । उनी यतिखेर उमेर नपुगी बिहे गर्न हुँदैन, छोरीलाई शिक्षित बनाउनु पर्छ भनेर वकालत गर्ने गर्छिन् ।

त्यहि सीप विकासको तालिममा डुनट, बटारी लगायतका परिकार बनाउन सिके की नानुमैयाले यस्ता परिकार बनाएर स्थानिय बजारमा बेच्ने समेत गरेकी छन् । उनी भन्छिन्- 'मैले पनि काम गर्दा कमसेकम श्रीमान्को कमाइ जोगिएको छ ।'

नानुमैया यतिखेर आफ्नो परिवारको मात्र हैन, छिमेकीहरुका लागि पनि उदाहरणको पात्र बनेकी छन् ।

# पढाइले बालविवाह टऱ्यो

– फनी महत

कुरा रौतहट जिल्लाको डुमरिया गाविस-८ कि रविना खातुन हो । उनले सरकारी बिद्यालयमा एक कक्षा पढेर छोडेकी थिइन् ।

मुस्लिम समुदायमा सानै उमेरमा छोरीको विवाह गरिदिने चलन छ । सानै उमेरमा विवाह हुँदा धेरै किशोरीहरु पढाइबाट बञ्चित हुन पुगेका छन् । कतिले त कलिलो उमेरमा बच्चा जन्माउन नसकेर ज्यानै समेत गुमाएका छन् ।

घरमा रविनाको पनि बिहेको कुरा चल्न थालेको थियो । त्यति नै बेला उनले महिला विकास कार्यालयको सहयोगमा गाउँमा सञ्चालित किशोरी शिक्षा समूहमा बसेर पढ्न पाइने कुरा चाल पाइन् । निक्कै हारगुहार गरेर बुबाआमालाई मनाइन् । विद्यालय छोडेको चार बर्षपछि त्यहि समूहमा बसेर पढ्न थालिन् ।

अहिले रविना १६ बर्षकी भइन् । उनी गाउँमै सानो किराना पसल चलाउँछिन् । किशोरी शिक्षा समूहमा बसेर पढेकैले रविनालाई व्यापार गर्न सजिलो भएको छ । उनले यहि व्यापारबाट आफ्नो र भाइ बहिनीको पढाई खर्च जुटाएकी छन् ।

आफूले पढ्ने मौका खेर फालेको भए सानैमा आमाबुवाले विवाह गरिदिन्थे होला भन्छिन् रविना । तर अहिले उनी २० वर्षपछि मात्रै बिहे गर्नुपर्छ भनेर बाबुआमालाई सम्झाउन सक्ने भएकी छन् । त्यसो त फुर्सदको समयमा उनी गाउँका दिदीबहिनीहरुलाई धेरै बच्चा जन्माउँदा हुने बेफाइदाका बारेमा, छोरीको सानै उमेरमा विवाह गर्दा हुने बेफाइदाको बारेमा समेत सम्झाउने बुझाउने गर्छिन् ।

'पहिले पहिले छोरीले पढेर के हुन्छ र !' भन्ने गरेका रविनाका बुवा सुजाइल मोहम्मदले पनि यतिखेर भने छोरीले केहि सिकेमा परिवार तथा समाजलाई नै फाइदा हुँदोरहेछ भन्न थालेका छन् । त्यतिमात्रै हैन उनी पनि छोरी रविनासँगै बालविवाह किन गलत हो भनेर गाउँलेलाई सम्झाउँदै हिँड्छन् ।

# अनमी पढेकी सगुफा गाउँलेकी 'डाक्टर्नी' भइन्

– रञ्जीत कुमार मण्डल

महोत्तरी- पाँचबर्ष अघिसम्म महोत्तरी कोल्हुवा बगेया गाउँकी सगुफा खातुनलाई छरछिमेकमा प्रायः सबैले 'तँ' वा 'तिमी' भनेर बोलाउने गर्थे । तर तिनै छिमेकीहरु हिजोआज 'डाक्टर्नी' वा तपाईं भन्दै आफूसँग कुरा गर्न आउँदा सगुफा मख्ख पर्छिन् ।

अनमीको तालिम लिएपछि आफ्नै टोल छिमेकको स्वास्थ्य सेवामा समर्पित भएकी मुस्लिम परिवारकी बाईस वर्षीया सगुफा छ जना छोराछोरी मध्येकी जेठी सन्तान हुन् । आर्थिक स्थिति कमजोर भएका कारण परिवारले उनलाई जेनतेन एसएलसी सम्ममात्रै पढाउन सक्यो । त्यसो त उनी त्यो गाउँको मुस्लिम समुदायबाट एसएलसी पास गर्ने पहिलो किशोरी हुन् । तर आर्थिक अभावकै कारण एसएलसीपछि भने उनको पढाइ रोकियो ।

यसैबीच, संयुक्त राष्ट्र संघ जनसंख्या कोष (युएनएफपीए) ले २०६५ सालमा बञ्चितीकरणमा परेका सामुदायको उत्थानका लागि जिल्लामा एउटा कार्यक्रम सञ्चालन गर्‍यो । सोहि कार्यक्रम अन्तरगत सगुफाले अनमी शिक्षा अध्ययनका लागि सहयोग पाइन् र ५० किलोमिटर टाढा धनुषाको जनकपुरमा डेरा गरेर पढ्न थालिन् ।

सगुफा खातुन अठार महिने अनमी तालिम लिएर आफ्नै जन्मथलो कोल्हुवा बगेया फर्किइन् । उनले सुरुका पाँच महिना गाउँकै स्वास्थ्य चौकीमा निःशुल्क सेवा गरिन् । त्यसपछि भने निरन्तर रुपमा आफ्नो छर-छिमेकमा स्वास्थ्य सेवा दिन थालिन् ।

सगुफा अनमी भएर आएपछि गाउँलेले उनका कुरा खान थालेका छन् । उनले गाउँका किशोरी तथा महिलालाई प्रजनन् स्वास्थ्य, यौन स्वास्थ्य तथा परिवार नियोजनका बारेमा सिकाउन थालेकी छन् । 'परिवार नियोजन गराउनु पाप हो' भन्ने मान्यता रहेको उनको समुदायमा स्थायी बन्ध्याकरण नगराए पनि परिवार नियोजनका अस्थायी साधन प्रयोग गर्नेको संख्या बढ्न थालेको छ । सगुफाकै शब्दमा, 'यो उनको सबभन्दा ठूलो उपलब्धी हो ।'

# आफ्नै संघर्षले सफल बनायो अम्बिकालाई

*– विरा गढ्ल*

बैतडी जिल्लाको भटना गाविस वार्ड नं-२ चनकेल्लीकी २५ वर्षीया अम्बिका जोशी जिल्लाको शान्ति समितिमा सचिव छन् । अहिले स्नातकोत्तर प्रथम वर्षमा पढ्दै गरेकी उनी पढाइ सकेर अधिकृतस्तरको सरकारी जागिर खाने ध्याउन्नमा छन् ।

सुन्दा सामान्य र सबैले गर्नसक्ने जस्तो लागे पनि अम्बिकाले यो त्यति सजिलै हासिल गरेकी भने हैनन् । अत्यन्तै कमजोर आर्थिक अवस्था भएको उनको परिवारमा बाबुको पहिल्यै मुत्यु भइसकेको थियो । एक दाजु र दुई बहिनीसहितको परिवारलाई आमाले मजदुरी गरेर जेनतेन छाक टार्ने गरेकी थिइन् । जेठा बाबुको सहयोगमा उनीहरुले स्कुल जान पाएका थिए ।

सानै उमेरदेखी लगनशील र पढ्न असाध्यै रहर गर्ने अम्बिका सुन्दर भविष्यको लोभमा सशस्त्र द्वन्द्वका बेला माओवादी सेनामा भर्ना भइन् । १२ कक्षामा पढ्दा पढ्दै ८ बर्ष अघि तत्कालिन विद्रोही माओवादी सेनामा हिँडेकी उनलाई त्यो बेला पनि एक न एक दिन त शान्ति आउँछ अनि पढाई अगाडि बढाउँछु भन्ने लागि रहन्थ्यो । आफ्नै खुशीले माओवादी सेनामा लागेपछि घरपरिवार अम्बिकासँग रुष्ट भए । अर्कोतिर, पार्टीमा लागेपछि उनले कलिलै उमेरमा भट्ना-२ कै प्रदीप बोहरासँग अर्न्तजातीय विवाह गरिन् । त्यसपछि त माइती पक्षसँग उनको बोलचाल नै बन्द भयो ।

विस्तृत शान्ति सम्झौतापछि 'अब पढाइ अगाडि बढाउन सकिन्छ ' भन्दै अम्बिका घर फर्किन् । पार्टीका पूर्णकालिन कार्यकर्ता रहेका उनका श्रीमान्को आम्दानीको दिगो श्रोत केही थिएन । सासु-ससुरा पहिले नै बितिसकेका थिए । माईतीसँगको सम्बन्ध टुट्यो, घरको आर्थिक अवस्था कमजोर थियो । खान लाउन समेत हम्मे परिरहेका बेला पढाई अगाडि बढाउने कुरा अम्बिकाका लागि 'आकाशको फल झैं' भइसकेको थियो । तर उनले हिम्मत हारिनन्, उपायहरु खोज्न थालिन् र स्थानिय एउटा विद्यालयमा शिक्षिकाको काम पाइन् । निजी श्रोतमा थोरै तलब दिने भए पनि पढाइ अगाडि बढाउन सकिन्छ कि भन्ने आशामा अम्बिकाले त्यो

काम थालेकी थिइन् । नभन्दै एकबर्षमा उनले १२ कक्षाको पढाइ पुनः शुरु गरेर राम्रो नम्बरसहित उत्तीर्ण गरिन् ।

विवाहको केही समयपछि उनको छोरा जन्मियो । छोराको लालन-पालनसहित घरखर्च बढेपछि उनको कमाइले पुग्न छाड्यो । अगाडि पढ्न नसकिएला कि भन्ने भएपछि अवसरहरुको खोजी गर्दै उनी विद्यालयको जागिर छोडेर श्रीमान्सहित जिल्ला सदरमुकाम आइन् । धेरै प्रयास गरेपछि एउटा गैरसरकारी संस्थामा सुपरभाइजरको काम पाइन् । पढाइलाई जीवनको पहिलो प्राथमिकतामा राखेकी अम्बिकाले कमाइ थोरै भए पनि स्नातक तह पढ्न थालिन् । 'कमाइको धेरै पैसा मेरो पढाइमा खर्चंदा कहिलेकाँही बुढा-बुढी भोकै पनि सुतेका छौं,'- अम्बिका आफ्ना संघर्षका दिन सम्झिन्छिन् ।

स्नातक तह पढ्दै गर्दा अम्विकाकी छोरी जन्मिइन् । जागिरका साथ-साथै पढाइ र छोराछोरीको पनि रेखदेख गर्नुपर्ने भएपछि उनका श्रीमान्ले पढाइ छोड्ने सल्लाह दिए । तर अम्बिकाले पढाइ हैन जागिर छोडिन् । बरु उनले पार्टीको कामले सँधै बेफुर्सदिला हुने श्रीमान्लाई केहि समय आफूलाई साथ दिन अनुरोध गरिन्, सम्झाइन् । पढाइप्रति श्रीमतीको उत्कट अभिलाषा देखेका श्रीमान्ले उनको कुरा मानेर सानातिना आय आर्जनका काम गर्न थाले भने कहिलेकाँहि छोराछोरी हेरिदिने काम समेत गर्न थाले । श्रीमान्को सहयोग पाएपछि अम्बिकाले स्नातक तह पार लगाइन् । र स्नातकोत्तर भर्ना भइन् । यसैबीच उनले शान्ति तथा पुनःनिर्माण मन्त्रालय अर्न्तगतको स्थानिय शान्ति समितिको सचिव पदमा कामपनि पाइन् । जिल्लामा बसेर शान्ति समितिमा जागिर पाएपछि उनलाई अहिले सजिलो भएको छ ।

विवाह गरेपछि आफ्ना सबै रहर मारेर श्रीमान्को भरमा बाच्न विवश भएका महिलाको लागि उनी उदाहरण बन्न पुगेकी छन । परिवारको लालन पालन, जागिर र पढाइलाई निरन्तरता दिन सक्नु उनमा भएको 'आत्म-विश्वास र दृढताको प्रतिफल हो' भन्छन् उनलाई नजिकबाट देख्नेहरु ।

अम्बिका जस्ता कयौं महिला विवाह गरेर घर धन्दामै सिमित छन् तर उनी भने श्रीमान्को भरमा जीवन व्यथित गर्नुको साटो आफ्नै बलबुतोमा यहाँसम्म पुग्न सफल भएकी छन् ।

# नन्दिता किशोर-किशोरीकी अगुवा

*– चिना थापा*

सिन्धुली जिल्ला वाशेश्वर गाउँ विकास समिति वडा नं.-४ वस्ने १८ वर्षीया नन्दिता श्रेष्ठलाई आजभन्दा दुई वर्ष अघिसम्म एक-दुई जना अपरिचित व्यक्तिहरु देख्दा डर लाग्थ्यो । नचिनेका कोही व्यक्ति घरमा आए बोल्नुको सट्टा डराएर लुक्थिन् । दुई-चारजनासँग समूहमा बोल्नुपर्दा लाजले भुतुक्कै हुने उनी यतिखेर भने सबैका सामू निधर्क्कसँग आफ्ना समस्याहरु राख्न सक्ने भएकी छन् ।

दुईबर्ष अघि युएनएफपिए को सहयोगमा गठित वाशेश्वर युवा क्लवमा आवद्ध भई विभिन्न कार्यक्रमहरुमा सहभागी हुन थालेपछि नन्दिताले आफूलाई यसरी परिवर्तन गर्न सकेकी हुन् । यो क्लबमा आबद्ध भएपछि उनले किशोर-किशोरी अवस्थाको बारेमा धेरै जानकारी पाइन् र आफूले सिकेका कुराहरु साथीसँग छलफल गर्ने मौका पाइन । यसो गर्दा गर्दै आफूभित्र रहेको डर तथा लजाउने बानीमा परिवर्तन आएको उनी बताउँछिन् ।

नन्दिताका दुई दिदी, एक दाजु र एक बहिनी छन् । बाबु-आमाले दिदीहरुको बिहे १५-१६ बर्षको उमेरमा नै गरिदिए । तर नन्दिताले भने सानै उमेरमा बिहे गर्नुहुँदैन भन्ने बुझेकी छन् र उनले यो कुरा ज्यामी काम गर्ने आफ्ना बाबु र गृहिणी आमालाई पनि बुझाइसकेकी छन् । त्यतिमात्रै हैन, भर्खरै एसएलसी पास गरेकी उनले छोरी मान्छेलाई एक्लै घर बाहिर पठाउन नचाहने आफ्ना बाबु-आमालाई सम्झाएर कम्प्युटर सिक्न सिन्धुलीको सदरमुकाम आएर बसेकी छन् ।

युएनएफपीएको सहयोगमा बाशेश्वर युवा क्लवले सञ्चालन गरेको युवा नेतृत्व विकास, युवा अधिकार, वक्तृत्व कलाजस्ता विभिन्न कार्यक्रममा सहभागी भएपछि नन्दिताले धेरै विषयमा बुझ्ने अवसर पाइन् । त्यस्तै, उनले गैर सर कारी संस्था 'प्रयास नेपाल' र एलजीसीडीपी कार्यक्रममा क्लबको तर्फबाट प्रतिनिधित्व गर्ने मौका समेत पाइन् । यि संस्थाहरु मार्फत वडास्तरमा हुने योजना तथा बालबालिका, युवा र महिलाका विषयमा राज्यका तर्फबाट प्राप्त हुने श्रोत साधन र त्यसको परिचालनका बारेमा जानकारी पाएपछि उनमा धेरै

ठूलो परिवर्तन आयो । फलस्वरुप, अचेल समुदायमा गएर युवा, बालबालिका तथा महिलाका विभिन्न मुद्दामा जनचेतना जगाउने काम गर्न थालेकी छन् । उनले धेरै किशोरी तथा उनका अविभावकहरुलाई किन 'बिहेवारी २० वर्ष पारी' भनेर बुझाएकी छन् ।

नन्दिता श्रेष्ठले आफ्नो पढाइलाई पनि निरन्तरता दिएकी छन् । गाउँका किशोर-किशोरीमाझ निकै लोकप्रिय भएकी उनी कम्प्युटर राम्रोसँग सिकेर भविष्यमा विभिन्न सरकारी तथा गैर-सरकारी संघ/संस्थाहरुमा बसेर सामाजिक परिवर्तनको लागि काम गर्न चाहन्छिन् ।

# चुलो-चौकादेखि नेतृत्व तहसम्म

– छत्र साउद

डडेल्धुरा अमरगढी नगरपालिका वार्ड नं- ५ बगरपाटाकी ३० वर्षीया पद्मा गुरुङ्ग जिल्लास्तरमा मात्रै नभएर राष्ट्रिय स्तरमा गैर सरकारी संस्था महासंघको केन्द्रीय उपाध्यक्षसम्म बन्न सफल भएकी छन् । उनले आफ्नो संस्थामार्फत जिल्लामा सामाजिक तथा भौतिक पूर्वाधार विकासमा अर्बौका कार्यक्रम सञ्चालन गरि जिल्लाकै मुहार फेर्दैछिन् ।

उनी विकट ग्रामीण क्षेत्रका मानिसहरुको जीवनस्तरमा सुधार ल्याउने सपना साँचेर २०५३ सालमा सामाजिक क्षेत्रमा प्रवेश गरेकी गुरुङ्गले यहाँसम्म आइपुग्न धेरै बाधा अड्चन खप्नुपरेको बताउँछिन् । भन्छिन्- 'बचत संस्थामा सदस्य हुँदा त्यो समुहमा एसएलसी पास गरेको म मात्र थिए, त्यसैकारणले मैले अवसर पनि पाएकी हुँ तर, अवसरभन्दा चुनौती बढी नै थिए, महिला त्यसमा पनि सामाजिक क्षेत्रमा काम गर्दा आफू महिला भएकै कारण धेरै समस्या भोग्नु परेको थियो ।'

सुदुरपश्चिमका पहाडी जिल्लामा महिलाहरु घरधन्दा बाहेकको काम गर्दैनथे । घरबाट निस्कन र सामाजिक काममा हिँड्डुल गर्ने स्वतन्त्रता थिएन । यस्तो अवस्थामा पनि पद्मा भने स्थानीय वचत संस्थामा सकृय सदस्यको रुपमा आफूलाई स्थापित गराउँदै सामाजिक क्षेत्रमा प्रवेश गरिन् । त्यसताका समाजमा धेरैले कुरा काटे पनि घरपरिवार र श्रीमान्ले भने पद्मालाई राम्रै सहयोग गरेका थिए । घरको सरसफाई, खाना पकाउने, वालबच्चा स्याहार्ने आदि घरका काममा उनका श्रीमान शेरवहादुर गुरुङ्गले ठूलो सहयोग गरेका थिए ।

समाजिक क्षेत्रमा सक्रिय भएकै कारण सेसी नामक अर्न्तराष्ट्रिय गैरसरकारी संस्थाको सहयोगमा उनले २०५८ सालमा सहकारी व्यवस्थापन तालिमका लागि करिव एक महिना थाइल्याण्ड जाने अवसर पाइन् । पद्माले यतिखेर जिल्ला बचत तथा ऋण सहकारी संघको नेतृत्व पनि गरिरहेकी छन् । समूह गठन गरेर नियमित बचत संकलन गर्ने उनको अभियानले अहिले जिल्लाभरि पाँच दर्जन बढी बचत तथा ऋण सहकारी संस्थाहरु जन्माएको छ । त्यसका अलावा

क्रियाशील बचत संस्थाहरुले करोडौं रुपैयाँ निक्षेप संकलन गरि गाँउमै मिनी बैंकका रुपमा लगानी गरेका छन् ।

बचत तथा ऋण सहकारी संस्थाहरुको उत्थानमा समेत उत्तिकै सकृय पद्मा हाल आफ्नै नेतृत्वमा २०६० सालमा स्थापना गरिएको 'एकीकृत विकास समाज' मा कार्यकारी निर्देशकका रुपमा कार्यरत छन् । यो संस्था यतिखेर जिल्लाकै सबैभन्दा धनी र करोडौंका कार्यक्रमहरु संचालन गर्ने गैर सरकारी संस्था भनेर चिनिन्छ । यो संस्था अन्तरगत जिल्लाका २० वटै गाविस र अमरगढी नगर पालिकामा समेत शिक्षा, स्वास्थ्य, आर्थिक विकास र मानविय सेवा सम्बन्धी कार्यक्रमहरु सञ्चालनमा छन् ।

एकीकृत विकास समाज स्थापना गरेदेखि अहोरात्र खटिरहेकी पद्मा गत वर्ष राजधानीमा सम्पन्न गैर-सरकारी संस्थाहरुको छाता संगठन 'गैर-सरकारी संस्था महासंघ नेपाल'को सातौं महाधिवेशनबाट उनी केन्द्रीय उपाध्यक्षमा निर्वाचित भइन् । 'गैर सरकारी क्षेत्रमा मैले पुऱ्याएको योगदानका आधारमा साथीहरुले यो महत्वपूर्ण जिम्मेवारी दिएका हुन् ।' अहिलेसम्मकै इतिहासमा सुदूर पश्चिमबाट कसैले पनि यो पद पाउन नसकेको अवस्थामा आफूले पाउँदा सुदूर-पश्चिम कै गौरव भएको पदमाले बताइन् ।

सशस्त्र द्वन्द्वका क्रममा समेत गाँउ-गाँउ पुगेर संस्थाको काममा सक्रिय रहेकी उनी जिल्ला भरिका महिलाहरुका लागि उदाहरणीय मात्रै बनेकी छैनन् आशा र भरोसाकी केन्द्र समेत बन्न पुगेकी छन् । पहिलो पटक डडेल्धुराको आलिताल गाविसका दलित र जनजातिहरुको वस्ती छानेर खुला दिशामुक्त अभियानको थालनी गरेकी पद्माले हाल जिल्लामा खुला दिशामुक्त अभियानको अगुवाइ समेत गरिरहेकी छन् । 'गाँउमा महिलाहरु खानेपानी र शौचालयका योजना माग्छन् ।' उनले भनिन्, 'आयआर्जन, र स्वास्थ्य सम्बन्धी कार्यक्रममार्फत महिलाहरुलाई अघि बढाउन पाएकोमा खुसी लागेको छ ।'

उनको सक्रियतामा जिल्लामा छाउपडी प्रथा न्यूनिकरणका लागि विभिन्न महिला समूहहरु मार्फत सचेतनाका कार्यक्रमहरु सञ्चालन गरि न्यूनिकरण प्रयास भइरहेको छ भने जिल्लामा प्रकोप सम्बन्धी घटना बढ्दै गएका बेला उनकै

संस्थाले राहत र प्रकोप पुर्व तयारीका लागि अक्सफाम नेपालको सहयोगमा कार्यक्रम कार्यान्वयन गरिरहेको छ । 'स्थानीय स्तरमा प्रकोपसँग संघर्ष गर्न सक्ने क्षमताको विकासका लागि कार्यक्रम केन्द्रित छ,' उनले भनिन्, 'गाँउलेहरु आफै उद्धार र पुर्व-सूचना प्रणालीमार्फत जनधनको क्षति हुनबाट समुदायलाई जोगाउन सफल भइरहेका छन् ।' अहिले उनका कार्यलयमा समुदायका अगुवाहरु योजना माग गर्न धाउँछन् भने, जिल्लास्थित सरोकारवाला निकायका प्रतिनिधिहरु उनी आवद्ध संस्थासँग समन्वय गरेर कार्यक्रम लैजान छलफल गर्न पुग्ने गर्छन् । दिनभर मिटिङ र कार्यालयको काममै ब्यस्त हुने उनी हप्तामा एक पटक गाँउ घुम्ने समय निकाल्छिन् । 'गाँउलेहरुका समस्या बुझेर उनीहरुकै अगुवाईमा योजना निर्माणगरि आवश्यक कार्यक्रमहरु कार्यान्वयन गरिरहेका छौ ।' उनले भनिन्, 'विभिन्न दातृ-निकायहरुसँग समन्वय गरेर संस्थामा बजेट भित्र्याइन्छ ।' समाजिक क्षेत्रमा सफल पद्माको अझै सुदूरपश्चिम क्षेत्रका विकट वस्तीहरुमा कार्यक्रम विस्तार गर्ने धोको छ । 'कमसेकम पनि सुदूरपश्चिमका सबै जिल्लाहरुमा संस्थाका कार्यक्रमहरु बिस्तार गरेर यहाँका बिकट बस्तीमा सामाजिक र आर्थिक उत्थानमा सकृयता बढाउने उनको चाहना छ । यसका लागि उनले पूर्वाधारहरु समेत तयार गरिसकेकी छन् ।

# महिला हिंसाविरुद्ध १६ बर्षे किशोरी

*– कृष्ण कुमार मण्डल*

सप्तरीकी भावना चौधरी (नाम परिवर्तन) ले बुद्धि नपुऱ्याएको भए अहिले कुनै कोठीमा दिन बिताइरहेकी हुन्थिन् । घर परिवार र समाजबाट बहिष्कृत जीवन बिताइरहेकी हुन्थिन् । १६ वर्षीया भावनालाई चेलिबेटीबारे काम गर्दै आएको स्थानिय गैरसरकारी संस्थामा कार्यरत आफ्नै छिमेकी कुन्ती चौधरी (नाम परिवर्तन) ले एक दिन तालिममा जानुपर्छ भन्दै झुक्याएर सुनसरीको इटहरीको एउटा गेष्ट हाउसमा पुऱ्याइन् । भावनालाई त्यहाँ सप्तरीको फत्तेपुर रेञ्जपोष्टमा कार्यरत दुईजना वन कर्मचारीसँग अनैतिक सम्बन्ध राख्न दवाव दिइयो ।

एसएलसी पास गरेर कलेज पढ्दै गरेकी भावनाले हिम्मत जुटाइन् । त्यहाँबाट सकुशल उम्कन सफल भइन् । भोलिपल्ट, गाउँफर्केर उनले कुन्ती र ती सर कारी कर्मचारीको पोल खोलिदिइन् । सप्तरीको सदरमुकाम राजविराजमा पत्रकार सम्मेलन गरेर घटनाको बेबिलविस्तार लगाएकी उनले दोषीहरुलाई कारबाहीका लागि प्रहरीमा उजुरीसमेत दिइन् । तर प्रहरीले उनको कुरामा सुरुमा विश्वास गरेन र जाहेरी दरखास्त लिनै मानेन । भावनाले हिम्मत हारिनन् ।

झण्डै दुई साताको प्रयासपछि प्रहरीले जाहेरी लियो र जवरजस्ती गर्न खोज्ने मध्येका एकलाई पकाउ गऱ्यो । ती अभियुक्तलाई दोषी प्रमाणित गर्दै जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा राख्न आदेश दियो । अहिले उनी राजविराज कारागारमा कैदी जीवन बिताइरहेका छन् । कुन्ती र अर्का अभियुक्त भने फरार भए । कम्तीमा एक जना भएपनि पक्राउ परेर कारबाहीको प्रकृयामा गएकोमा खुशी व्यक्त गर्छिन् भावना । यद्यपी उनले फरार रहेकाहरुलाई पनि पक्राउ गरे आफूहरुलाई न्याय मिल्ने बताउँछिन् ।

सुरुमा भावनाले धेरै मानसिक तनाव खेप्नुपऱ्यो । त्यतिबेला संयुक्त राष्ट्रसंघ जनसंख्या कोष (यूएनएफपीए) को सहयोगमा सञ्चालित राजविराजस्थित सेफ हाउसले उनलाई सहयोग गरेको थियो । उनलाई केहि दिन सेफ हाउसमा नै राखेर मनोसामाजिक परामर्श दिइएको थियो । त्यो परामर्शपछि ममता अहिले

पुरानै अवस्थामा फर्केकी छन् र स्थानिय महिकर उमावि प्रसवनीको कक्षा ११ मा अध्ययन गरिरहेकी छन् ।

१६ बर्षीया भावनाको हिम्मत देखेपछि गाउँमा यस्ता प्रकृतिका अपराधविरुद्ध उजुरी गर्नेहरुको संख्या बढेको छ । गाउँलेहरु पनि महिलाहरु नै चेतना नहुँदा महिलामाथिको हिंसा अन्त्य हुन नसकेको हो भन्दै भावनाको साहस सबै किशोरीहरुका लागि प्रेरणा बन्न सकोस् भन्न थालेका छन् । अहिले गाउँमा यस्ता अपराधविरुद्ध पीडितहरुको पक्षमा लड्नेहरुको संख्या पनि बढेको छ ।

आफ्नी छोरीको हिम्मत देखेर आफू गौरवान्वित भएको बताउँछन् ममताका बाबु वीरेन्द्र चौधरी । उनी भन्छन्, ‘छोरीले हिम्मत नदेखाएको भए अहिले हाम्रो जीवन नै अँध्यारो हुन्थ्यो ।’

# आर्थिक रूपमा आत्मनिभर गीता

*– मेनका परियार*

नेपालगञ्जकी गीता सार्कीको १४ बर्षकै उमेरमा स्यालापाखा-४ कैलीदेउ रुकुममा बिहे भयो । बिहेपछि पढ्न लेख्न पाइनन् । बरु छोराछोरी जन्मिए । परिवारमा आर्थिक समस्या बढ्दै गएपछि उनका श्रीमान् कमाइ गर्न कालीपार भारत पसे । गीताको परिवार बढ्दै गएपछि श्रीमान्का मात्र कमाइले घरको गर्जो टार्न धौ-धौ पर्न थाल्यो । त्यसपछि गीताले पनि साथीहरुसँग मिलेर ज्याला मजदुरी गर्न थालिन् । 'म त तराईको मान्छे, पहाडमा ढुङ्गा, माटोसँग काम गर्दा त बाउको बिहे नै देखिन्थ्यो,' – उनले विगत सम्झिइन् । त्यतिबेला गीतालाई एक त नियमित काम पाउन गाह्रो थियो भने अर्कोतिर, दिनै भरी मरिमेटी काम गर्दा पनि डेढ दुईसय भन्दा बढि कमाइहुँदैनथ्यो । त्यसमाथि, ठेकेदारले समयमा पैसा दिँदैनथे । 'कसैकसैले त काम गरेको पैसा अझैं पनि दिएका छैनन्,'-गीता भन्छिन् ।

एकदिन बजार जाँदा गीताले पानीपुरी बनाएर बेचेको देखिन् । बेलुका घर फर्केपछि उनलाई पनि त्यस्तो ब्यापार त गर्नसक्छु होला भन्ने लाग्यो । उनले एकदिन तरकारी पकाउँदै गरेको कराहीमा पानीपुरी बनाइन् र छिमेकीलाई चखाइन् । छिमेकीले बजारमा खाएभन्दा स्वादिलो बनाएछौ भनेपछि गीताले ज्याला मजदुरी छोडेर पानीपुरीको पसल सुरु गर्ने हिम्मत गरिन् । सानो कोठा भाडामा लिएर थोरै पुँजीले थालेको उनको पसल चल्न थालेपछि उनमा जोश-जाँगर पनि बढ्दै गयो, अरु परिकार पनि थप्दै गइन् । उनले चनाचटपटे, चाट जस्ता परिकार बनाउन सिक्नकै लागि अरुको पसलमा गएर किनेर खाने गर्थिन् । उनका लागि पसलेले चनाचटपटे, चाट बनाएको हेर्थिन्, नजानेका केही कुरा सोध्ने गर्थिन् । यसरी नै सिकेर उनले आफ्नो पसलमा चनाचटपटे र चाट पनि बेच्न थालिन् । उनको पसलमा यतिखेर पानीपुरी, चनाचपपटे, चाटबाहेक अरु किराना सामान पनि पाइन्छ ।

गीताले ब्यापार थालेको चार बर्ष भयो । यतिखेर उनी दिनमा पच्चिस सयसम्म

कमाउँछिन् । अनि उनले व्यापारमा खासै दौडधुप पनि गर्नुपर्दैन, शारीरिक श्रम पनि त्यति पर्दैन । ब्यापारबाट उनको राम्रो आम्दानी देखेपछि पहिले पहिले खिसीटिउरी गर्नेहरु अहिले उनैको सिको सिकेर यस्तै ब्यापार गर्न थालेका छन् । आफ्नोजस्तै व्यापार गर्न चाहने र सिक्न चाहनेहरुलाई गीताले सिकाइ दिने पनि गरेकी छन् ।

गीता सार्की अहिले २९ बर्षकी भइन् । उनका साथमा तीन छोराछोरी छन् । छोराछोरीको पढाई खर्च, कोठा भाडा, दैनिक घरव्यवहार सबै गीताकै कमाइले टरेको छ । उनले श्रीमान्को कमाई जति सबै बचत गरेकी छन् ।

गीताको लगनशिलतालाई नजिकबाट नियालेका रुकुमका स्थानिय पत्रकार गणेश बिक जस्तोसकै अवस्थामा पनि श्रीमान्कै भरमा आश्रित हुने गरेका दिदीबहिनीहरुका लागि गीताको काम राम्रो उदाहण भएको बताउँछन् । उनी यस्ता राम्रा काम गर्ने महिलालाई समाजले खुलेर सम्मान गर्नुपर्ने र कामको प्रचारप्रसार गर्नुपर्ने बताउँछन् । उनी भन्छन्- 'गीताको प्रेरणाले अरुले पनि स्वावलम्बी जीवन जिउने बाटो देख्छन् ।'

त्यस्तै, गीताको पसलकी नियमित ग्राहक महिला मानव अधिकार रक्षक संजालकी सचिव तुलसा शर्मा जागिरका लागि बेरोजगार बसेका तमाम व्यक्ति र बाँच्नका लागि देह व्यापार समेत गर्न बाध्य भएका महिलाहरुको लागि गीता सार्कीको काम मार्गदर्शक हुनसक्छ भन्छिन ।

# यौन तथा प्रजनन स्वास्थ्य शिक्षाको जनचेतना फैलाउछिन् विनिता

*– बिक्रम रत्न*

सिन्धुली जिल्लाको रानिवास गाविस वडा नं-१ माथिल्लो रानिवासकी २० वर्षिया विनिता कोइरालालाई सधै किशोरी बन्न पाएहुन्थ्यो, किशोरीहरुसँगै रहिरहन पाए हुन्थ्यो र उनीहरुसंग सम्बन्धित कुराहरु सिकिरहन पाए हुन्थ्यो भन्ने लाग्छ ।

दुई वर्ष अगाडि युएनएफपिएले रानिवासमा दिएको किशोरकिशोरीहरुको यौन तथा प्रजनन स्वास्थ्य तालिममा भाग लिएपछि उनमा यस्तो भावना आउन थालेको हो ।

यो तालिमले उनको ब्यक्तिगत जीवनमा पनि धेरै कुरामा परिवर्तन ल्याईदिएको छ । किशोरअवस्था संगै आउने शारीरिक र मानसिक परिवर्तनले ल्याउन सक्ने विचलनलाई उनले सहज रुपमा लिन सक्ने भएकि छन् ।

विनिताले किशोर अवस्थाको यौन तथा प्रजनन स्वस्थ्य कार्यक्रम अन्तरगतनै समुदायमा परिचालित दौंतरी शिक्षकको क्षमता अभिबृद्धि सम्बन्धि तालिम पनि लिएकी छन् । यो तालिमले उनलाई किशोरीहरुका समस्या बुझ्न झन सहयोग गर्‍यो ।

त्यसपछि उनी किशोरीहरुमा यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धि जानकारी दिंदै गाउँ-गाउँ, वडा-वडा र विद्यालय-विद्यालय डुल्न थालिन् । उनले गाउँ घरका किशोरीहरुका कुरा सुन्ने र आफूले जानेका कुराहरु सिकाउने गर्न थालिन् ।

उनको लगाव देखेर युएनएफपिएले प्रशिक्षक सरहका अरु तालिमहरुमा पनि उनलाई सहभागी गरायो । यि तालिमपछि उनी जिल्ला शिक्षा कार्यालयले जिल्लाका १६ विद्यालयका कक्षा ८, ९ र १० का किशोरीहरुलाई लक्षित गरेर सञ्चालन गरेको किशोर अवस्थाको प्रजनन स्वास्थ्य र लैङ्गिक समस्या समाधान विषयक तालिमको मुख्य प्रशिक्षक भएर काम गरिन् ।

वि.एड तेस्रो बर्षमा अध्ययनरत विनिता कोईरालाको तालिम लिने र दिने काम संगसंगै जस्तो शुरु भए । उनी अहिले यौन तथा प्रजनन् स्वास्थ्यको प्रशिक्षक समेत बनिसकेकी छिन । जिल्लाका सरकारी तथा गैर सरकारी संघ संस्थाहरुले किशोर-किशोरीको यौन तथा प्रजनन स्वस्थ्य बारे तालिम गोष्ठी संञ्चालन गर्दा उनलाई प्रशिक्षकको रुपमा बोलाउने गरेकाछन् ।

सानै उमेरमा प्रशिक्षक समेत भईसकेकी विनितालाई सुरुसुरुमा तालिम दिन गाह्रो हुन्थ्यो । यौन तथा प्रजनन स्वस्थ्यको विषयमा समाजमा मान्छेसँग खुलेर कुरा गर्दा कतिले उनलाई नराम्रो दृष्टीले समेत हेर्नेगर्थे । 'आवारा केटाहरुले जिस्काउथे'- उनी सम्झिन्छिन । अरु त अरु उनकी आमाले समेत छोरी तिम्रो विवाह नहुने भयो, छोरी चेलीले यस्तो काम गर्नु हुँदैन, यो नराम्रो काम हो अब देखि यसो गर्न छोड भनिरहन्थिन् । तर विनिताले यस्ता कुराहरुको कत्तिपनि वास्ता नगरी आमा, घर परिवार, समाज सबैलाई सम्झाउँदै आफूलाई सहयोग हुने वातावरण बनाउँदै लगिन् ।

कामको दौरानमा विनिताले यौन तथा प्रजनन स्वास्थ्यका बारेमा किशोरीले उचित ज्ञान नपाउनुमा विद्यालयमा यौन तथा प्रजनन स्वस्थ्य बारे खुलेर पढाउन संकोच मान्ने शिक्षक शिक्षिका तथा यौन शिक्षाको बारेमा जान्न खोज्दा 'उत्ताउली' भनेर गाली गर्ने अविभावकहरु बढि जिम्मेवार रहेको पाईन् । त्यसैले उनी यतिखेर विद्यालय शिक्षकलाई समेत यस्ता विषय खुलेर पढाउन सल्लाह दिदै आएकी छिन् भने घरमा पनि दिदी तथा आमाहरुले आफ्ना नानीहरुलाई उमेर अनुसारको शिक्षा दिन हिच्किचाउनु हुँदैन भनेर सिकाउने गर्छिन् ।

आफ्नो निरन्तरको प्रयासले समाजमा केहि परिवर्तनहरु देखिन थालेकोमा दंग परेकि विनिता किशोर-किशोरीको यौन तथा प्रजनन स्वास्थ्यकै क्षेत्रमा निरन्तर काम गरिरहन चाहन्छिन् ।

# कमलरी मुक्ती अभियानकि अगुवा बनिन पुर्व कमलरी

*– देविका घर्ती मगर*

गङ्गापरस्पुर-७ लोखरपुर दाङ निवासी २१ वर्षे मञ्जिता चौधरी जन्मिनुअघि देखि नै उनका बाबु-आमा जमिन्दारको घरमा कमलर-कमलरीको जीवन बिताइरहेका थिए । मञ्जिताले पनि ९ वर्षको उमेरसम्म बाबु-आमासँगै त्यहि घरमा घरेलु श्रमिक भएर काम गरिन् । त्यसपछि उनी छुट्टै घरमा कमलरी बस्न गइन् ।

भैरहवा र दाङ्गको तुलसीपुरमा गरेर दुई वर्ष कमलरी बसेकी मञ्जिता कमलरी मुक्ति अभियानमा क्रियाशील गैरसरकारी संस्था 'असहाय नानीहरुको साथी (एफएनसी)'को सहयोगमा २०५७ सालमा मुक्त भइन् ।

११ वर्षको हुँदा कमलरी जीवनबाट मुक्ति पाएकी उनी कमलरी बस्दाको पीडा सम्झँदा अहिले पनि भक्कानिन्छिन् । 'सानो थिएँ, घरमा भएभरको सबै काम गर्नुपर्थ्यो, तैपनि गाली गर्ने, कुट्ने, पिट्ने गर्दथे । एउटा बच्चाले गर्न नसक्ने काम गराउँथे । राति-राति २ बजे उठाएर मालिकहरुले गाउँमा भुस, गोबर सोर्न पठाउँथे । सुत्ने समयमा सुत्न पाईंदैनथ्यो । खाने समयमा खान पाईदैनथ्यो । काम पुरा गर्न सकिएन भने तेरो ज्याला काटिदिन्छम् भन्थे,' उनले विगत सम्झिइन् ।

पढ्न लेख्न असाध्यै रहर गर्ने मन्जिता जमिनदारका छोराछोरी स्कूल जाँदा टुलुटुलु हेरेर बस्ने गर्थिन् । त्यसो त, भैरहवामा उनलाई अंग्रेजी माध्यमबाट पढाइ हुने निजी विद्यालयमा पढाउँछौ, वर्षको दुई जोर कपडा दिन्छौँ, बार्षिक २५ सय दिन्छौँ भनेर काम गर्न राखेका थिए । तर उनले पढ्न पाइनन् । तीन महिनासम्म पनि स्कुल जान नपाएपछि मञ्जिताले सोधिन्- 'म कहिलदेखि स्कुल जाने ?' तर मालिकको जवाफले उनको मन खिन्न भयो । 'तँलाई पढाउन होइन,' मालिकले भनेका थिए, 'किनेर ल्याएको हो ।'

मुक्त भएपछि मञ्जिताले ६ महिना जति अनौपचारिक शिक्षा पढिन् अनि १२ वर्षको उमेरमा चार कक्षामा विद्यालय भर्ना भइन् । उनको विद्यालय शिक्षा पूरा गर्न एफएनसीले आर्थिक सहयोग गरेको थियो । २०६५ सालमा एसएलसी पास गरेपछि उनले एफएनसीमा नै स्वंयसेवीको रुपमा काम थालिन् । त्यहाँ उनी कमलरीहरुको तथ्याङ्क संकलन गर्थिन् । मुक्त भएका कमलरीहरुलाई विद्यालयमा कापीकलम पुर्‍याइदिने काम गर्थिन् ।

एसएलसी पास गरेकै साल उनले केही मुक्त कमलरीहरुसँग मिलेर 'लावाजुनी बचत तथा ऋण सहकारी संस्था' खोलिन् । कमलरीहरुले चलाएको यो देशकै पहिलो सहकारी संस्था हो । यहि सहकारीको सिको गर्दै अहिले दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुरमा गरी मुक्त कमलहरीहरुले खोलेका सहकारी संस्थाको संख्या ३२ वटा पुगेको छ ।

२०६७ सालमा मुक्त कमलरीहरु संगठित भएर 'मुक्त कमलरी विकास मञ्च' नामको संस्था स्थापना गरे । मञ्जिताको नेतृत्वमा स्थापना भएको यो मञ्चले कमलरी मुक्ति अभियान चलाउनुका साथै उनिहरुको पुनर्स्थापना, शिक्षा र आयआर्जन जस्ता क्षेत्रमा काम गर्ने गर्छ । मञ्चले यो क्षेत्रमा राम्रो काम गर्दै गएपछि एफएनसीले ४० लाख रुपयाँ बराबरको भौतिक सामग्री र संस्थागत विकासका लागि २१ लाख रुपयाँ नगदसहित आफ्ना सम्पूर्ण कार्यक्रमहरु यहि मञ्चलाई हस्तान्तरण गर्‍यो ।

एफएनसीका तत्कालिन कार्यकारी निर्देशक राजु धमाला कमलरी आफैं आफ्ना लागि काम गर्न सक्षम भएको अवस्थामा नेतृत्व पनि उनीहरुले नै गर्नुपर्छ भनेर सबै जिम्मेवारी सुम्पिएको बताउँछन् ।

मञ्चले यतिखेर पञ्चबर्षिय योजना बनाएर कमलरी मुक्ति, पुनर्स्थापना र आयआर्जनका कार्यक्रम गर्ने योजना बनाएको छ । परिवारको आयस्तर बृद्धि गर्न एक घर एक सहकारी सदस्य, एक घर एक व्यापारी, एक घर एक रोजगारी नारा दिएर अघि बढ्ने सोच बनाएका छौं,' – मञ्जिता भन्छिन् । उनको विचार मा यो कमलरीको जीवनमा आएको यो ठूलो परिवर्तन हो ।

‘मुक्त कमलरी विकास मञ्च’ की केन्द्रीय अध्यक्ष भएकी मन्जिता अब मञ्चमार्फत गरिने सबै कृयाकलापको अगुवा भएकी छिन् । १२ कक्षा अध्ययनरत उनले कमलरीका बिषयमा नीति निर्माण गर्ने, कार्यक्रम बनाउने र कार्यान्वयनका लागि अगुवाइ गर्ने जिम्मेवारी पाएकी छन् । यतिखेर उनी पश्चिम तराईका पाँचै जिल्लामा कार्यक्रम बनाउने, बजेट विनियोजन गर्ने र अधिकारका लागि वकालत गर्ने कामको नेतृत्व गरिरहेकी छन् ।

‘मुक्त कमलरी विकास मञ्च’का अहिले पश्चिम तराईका पाँचै जिल्लामा शाखा बिस्तार भइसकेका छन् ।

# बाल-विवाहविरुद्ध बालिका

*– सबिता बस्नेत*

रौतहट जिल्लाको जिगडवा गाविस वडा नं-६ वेलविछवा गाउँकी १६ वर्षीया रुवि खातुन गाउँमा एक निडर, आत्मविश्वासी, जेहेन्दार विद्यार्थी र उदाहरणीय समाजसेवीको परिचयले चिनिन्छिन् । मुस्लिम समुदायको बाहुल्यता भएको उनको गाउँमा छोराछोरीबीचको विभेद तथा बालविवाह जस्ता समस्या अध्याधिक छन् ।

रुविको मनमा समाजसेवा प्रतिको चेतना उनी १२–१३ वर्षकि हुँदैदेखि हुर्किएको थियो । आफ्नै उमेरका साथीभाइ विद्यालय नगई घरायसी काममा लागेको देख्दा उनको मन खिन्न हुन्थ्यो । कसैले छोरीको विवाह सानै उमेरमा गरिदिएको देख्दा उनलाई त्यस्तै पीडा हुन्थ्यो । उनी आफ्नो गाउँबाट यस्ता कुरा कसरी हटाउने भनेर सोच्ने गर्थिन्, मन मिल्ने साथीभाइहरुसँग छलफल गर्थिन् । उनले १३ बर्षकै उमेरमा छिमेककी १२ वर्षीया सविता गिरी (नाम परिवर्तन)को हुनै लागेको विवाहलाई रोकेर वाल विवाहविरुद्ध पहिलो पटक आवाज उठाइन् । 'जवरजस्ती विवाह गरिदिए प्रहरीमा उजुरी गरिदिन्छु भनेपछि विहा रोक ' उनी सम्झिन्छिन् । त्यसपछि गाउँलेले उनलाई गलत नजरले हेर्न थाले । तर उनले हिम्मत हारिनन् । बरु यस्तो अवस्थामा पनि १४ वर्षीया स्वरुपा चौरसिया (नाम परिवर्तन) को पनि विवाह रोकिदिइन् । उनको यो कामबाट गाउँका कतिपय छिमेकी आक्रोसित भए । 'त्यो बेला गाउँलेले मलाई धन्नै पिटेका पनि थिए । साथीभाई र परिवारले गर्दा बचेँ,'–उनी भन्छिन् । त्यसो त उनको परिवारले पनि निक्कै धम्की सहनुपर्‍यो । तर यस्ता कुराबाट कति पनि विचलित नभई रुवि आफ्नो काममा लागिरहिन् ।

यस्ता काम गर्नका लागि रुविको हौसला र आत्मविश्वास झन् बढाउने काम गर्‍यो संयुक्त राष्ट्रसंघ जनसंख्या कोष (युनएफपिए) सहयोगमा स्थानिय स्तरमा उनले लिएको एउटा तालिमले । त्यो तालिममा उनले किशोरी शिक्षा सम्बन्धी परामर्श तथा आधारभूत ज्ञान पाइन् ।

तालिमपछि उनले युनएफपिएकै सहयोगमा 'प्रगतिशिल किशोरी शिक्षा समिति' नामको एउटा किशोरी समूह गठन गरिन् । ३० जना किशोरीहरु आवद्ध भएको यो समूहले किशोरीहरुलाई अनौपचारिक शिक्षा दिने काम गर्नुका साथै गाउँमा हुने सामान्य झै-झगडा मिलाउने, वाल बिवाहविरुद्ध आवाज उठाउने र किशोरी शिक्षाको पहुँच विस्तार गर्न आवाज उठाउने जस्ता पारालिगल सम्वन्धि विभिन्न कामहरु पनि गर्न थाल्यो । रुविले आफ्नै सकृयतामा किशोरी समूहमा आबद्ध पाँच जना किशोरीलाई विद्यालय भर्ना गरिदिएकी छन् ।

भविष्यमा नर्स बनेर आफ्नै गाउँको स्वास्थ्यचौकीमा काम गर्ने सपना साँचेकी रुवि खातुन अहिले रौतहटकै गरुडामा बसेर विद्यालय पढ्दैछिन् । उनी महिनाको हरेक अन्तिम शनिबार गाउँ पुग्छिन् र आफूले सक्ने सहयोग सबैलाई गर्छिन् । तीस जनाको किशोरी समुहमा सात जना मात्र शिक्षित रहेकोले सीप मूलक तालिम दिलाउने प्रयासमा छिन् रुवि अहिले ।

यतिखेर गाउँका सबैले रुविलाई 'गाउँकी छोरी' भन्ने गरेका छन् । आफुले पाएको सफलता र गाउँमा भएको परिवर्तन देखेर रवि आफैंपनि दङ्ग छिन् ।

# आफ्नो र बहिनीको सपना पुरा गरिन सावित्राले

*– अनु खनाल*

'कक्षा आठमा पढ्दै बिहेको कुरो आयो । जतिबेला म १४ वर्षमात्रै टेकेकी थिएँ । बिहेको बारेमा राम्रोसँग थाहा नभएपनि मैले पढ्नुपर्छ भन्ने चाँही थाहा थियो,' गौरीबास-२ महोत्तरी घर भएकी १९ वर्षीया सावित्रा बयलकोटी आफ्नो विगत सम्झिन्छिन् । दलित तथा विपन्न परिवारमा हुर्किदैं गरेकी सावित्रालाई आफ्नो मात्रै होइन भाइबहिनीहरुको समेत पढाई तथा भविश्यको चिन्ता छ ।

सानैदेखि केही गर्नुपर्छ भन्ने अठोट बोकेकी सावित्राले कक्षा आठ मै आएको बिहेको प्रस्ताव सिधैं अस्विकार गरिन् । बरु 'तैंले विवाह गर्नैपर्छ' भनेर जिद्धि गर्ने बाबु–आमालाई आफू पढेर केहि गर्ने र साना भाइबहिनीलाई पनि पढाउने भन्दै सम्झाइन् । त्यसो त, जेठी छोरीको बिहे गर्न पाए छ जनाको परिवारमा एउटा भएपनि खाने मुख घट्थ्यो भनेर उनको बिहेको कुरा चलेको थियो ।

विवाहको कुरा जसोतसो टारेकी सावित्रा बयलकोटीलाई एसएलसी पास गरेपछि अगाडि पढ्न पाइन्छ की पाइँदैन भन्ने कुराले पिरोल्न थाल्यो । बर्दिबासमा रिक्सा चलाउने उनका बाबु आफूले कमाएको पैसा जाँड-रक्सीमै सक्थे । आमाले मजदुरी गरेर मुस्किलले परिवारको पेट पालेकी थिइन् ।

'तँ चिता म पुऱ्याउँछु' भनेझैं बर्दिबासमा रहेको स्थानिय गैर सरकारी संस्था 'पैरवी मञ्च' ले सावित्रालाई कक्षा ११ र १२ पढ्नका लागि आर्थिक सहयोग दिने भयो । तर सावित्रालाई भने तीन जना भाइबहिनीको पढाई खर्च कसरी जुटाउने भन्ने चिन्ता थियो । उनले हिम्मत हारिनन् । कामको खोजीमा लागिन् । र संयुक्त राष्ट्रसंघ विकास कार्यक्रम (युनएनडिपी) को सहयोगमा सञ्चालित 'दलित उत्थान समिति' मा सहजकर्ताका रुपमा काम गर्ने मौका पाइन् ।

स्नातक प्रथम बर्षमा पढिरहेकी सावित्राको आम्दानी संगै घरको आर्थिक अवस्था केहि हदसम्म सुध्रिएको छ । कान्छी बहिनीको स्टाफ नर्स बन्ने सपना अहिले

सावित्राको पनि सपना बनिसकेको छ । उनले कक्षा बाह्र, नौ र आठमा पढ्ने आफ्ना तीनै जना भाईबहिनीको सम्पूर्ण पढाई खर्च ब्योहोरेकी छन् ।

गाउँका सबैले 'गरिबकी छोरी भए पनि राम्रै काम गरी, आफूमात्र होइन भाबहिनीलाई पनि पढाइ । छोरी होस् त सावित्रा जस्तो' भनेको सुन्दा असाध्यै खुशी हुने सावित्रा पशुपालनको सिप सिकेर व्यवसायिक पशुपालन गर्न चाहन्छिन् । उनी भन्छिन्- 'आफैँले पशुपालनको सिप पाएदेखि पशु फर्म खोलेर अरुलाइ पनि रोजगारी दिने सपना छ । यस्तो सिप मलाइ कस्ले दिने... ?'

# बाल-विबाह पीडितलाई दलित किशोरीले बाटो देखाईन

– *सुमित्रा कोइराला*

उदयपुर जिल्लाको पहाडी गाविस शिरिषेमा आमा धनमाया विक र बावु भिमवहादुर विकको कोखवाट सपना परियारको जन्म भएको हो । एक गरिव परिवारमा जन्मिएकी सपना सातौ सन्तान मध्ये छैटौ सन्तान हुन् । गरिव परिवारकी हुनाले उनको बाल्यावस्था अभावमा वित्यो । उचित शिक्षा प्राप्त गर्नका लागि उनले निक्कै संघर्ष गरिन तर घरको आर्थिक अवस्था कमजोर भएकै कारण सात कक्षाभन्दा अगाडी पढ्न सकिनन् । पढ्ने उत्साह हुँदाहुँदै पनि स्कुल छाडी घरको काममा अल्भिmनु सपनाको वाध्यता बन्यो ।

२०६८ सालमा युएनएफपिएको आर्थिक सहयोगमा महिला तथा बालवालिका कार्यालय उदयपुरले संचालन गरेको 'किशोरी शिक्षा कार्यक्रम' अर्न्तगत केहि सीपमुलक तालिम सँगै सपनाले शिक्षाको महत्व बुझ्ने र समाज चिन्ने अवसर पाईन् । उनले अध्ययनलाई निरन्तरता दिने विचारले फेरी सात कक्षामा विद्यालय भर्ना भईन् र पढ्न थालिन । 'लामो समयपछि विद्यालय जाँदा अप्ठ्यारो महशुस भएको थियो अब त सामान्य लाग्न थालेको छ ' सपनाले भनिन् ।

सपना परियार अहिले स्थानीय श्री मावी पट्ना भन्ज्याङ्गमा कक्षा दशमा पढ्दैछिन् । उनी दालमोट भुजिया वनाएर वेच्छिन र पढाई खर्च जुटाउँछिन् । यो काममा उनलाई आमाले पनि सहयोग गर्ने गर्छिन् ।

जेहन्दार र मेहेनती सपना पढाइमा मात्र नभई विद्यालयमा हुने हरेक क्रियाकलापमा अग्रस्थानमा पर्ने उनका शिक्षकहरु बताउँछन् । पहाडी विकट गाउँ, त्यसमा पनि दलित समुदायकी यि किशोरीका लागि पढाइ भन्ने कुरा त्यती सजिलो थिएन । अर्कोतिर यो समुदायमा बाल-विबाहको समस्या निक्कै छ ।

सपना अहिले पढाई सँगसँगै समुदायमा हुने बाल-विवाह रोक्न र छोरीलाई पनि छोरा सरह उचित शिक्षा दिनुपर्दछ भनेर जनचेतना जगाउने काममा व्यस्त

छिन् । त्यस्तै, समाजमा हुने गरेका लैंगिक हिंसा विरुद्धको अभियानमा उनी सक्रिय भएर लागेकी छन् । त्यसबाहेक, सरसफाई र खुल्ला दिशामुक्त समाजका लागि पनि स्थानिय वाल क्लवमा रहेर सचेतना जगाउन सपना उत्तिकै खटिएकी छन् ।

# दृष्टिविहीन कमला बनिन् असल गुरूआमा

*– जगदीश रोकाया*

बझाङ्गको दुर्गम गाविस सैनपसेला जाप्रीकी कमला जप्रेल एकबर्षकी हुँदा उनका दुबै आँखा पाके । एकदिन औषधि भन्दै आमाले कतैबाट ल्याएर केहि जडिबुटी हालिदिइन् । आँखा निको भएनन् । पछि डाक्टरलाई देखाउँदा त्यहि जडिबुटीले उनका दुबै आँखाको ज्योती गुमाईदिएको पत्ता लाग्यो ।

एक बर्षकै उमेरमा दुष्टि गुमाउन पुगेकी कमला यतिखेर शिक्षिका भएकी छन् । उनी छिमेकी गाविस लेखगाउँको बाठपाली माविमा सञ्चालन भइरहेको दृष्टिविहीन श्रोत कक्षामा गत बर्षदेखि पढाउन थालेकी हुन् । ब्रेललिपीको माध्यममा दृष्टिविहीन बालबालिकालाई पढाउने उनी जिल्लाकै एकमात्र दृष्टिविहीन शिक्षिका हुन ।

कक्षा ५ सम्म आफ्नै गाउँको विद्यालयमा पढेकी उनले ६ देखि एसएलसीसम्म दैनिक पाँच घण्टाको बाटो धाएर कैलाली टिकापुरको कर्णाली उच्चमाविमा पढिन् । विद्यालय जाँदा बाटोमा कुकुरले टोकेको, लडेको, बाबु-आमाले 'विद्यालय नजा पढेर के गर्छेस्' भनेको र सबैभन्दा नराम्रो त बाबुले रिसाएर 'छोरी तँ त विद्यालय जाँदा बाटामा कतै लडेर मरे पनि हुन्थ्यो' भनेर सरापेका कुराहरु सम्झँदा आज पनि कमलाका आँखा रसाउँछन् । उनी दृष्टिविहीन भएकै कारणले साथी-भाइ र समाजका मानिसहरुले गरेको छिछि.. दुरदुर.. जीवनमा सम्झन योग्य नभए पनि बिर्सन नसकिनेरैछ भन्छिन् ।

कमलाले जीवनमा कहिल्यै हरेस खाइनन् । बरु आफूजस्तै दृष्टिविहीनलगायत अरुखाले अपाङ्गता भएका व्यक्तिहरुले समाजमा भोग्नुपरेका यस्ता भेदभाव र तिरस्कारकाविरुद्ध आवाज उठाउन पनि आफूले पढ्नु पर्छ भन्ने ठानेर निरन्तर लागि रहिन् । 'दृढ इच्छाशक्ती भएपछि भगवान्ले पनि साथ दिँदा रहेछन्, सफल पनि भइँदोरहेछ,'-उनी थप्छिन् ।

जिल्ला शिक्षा कार्यालय बझाङ्गले दृष्टिविहीन कक्षा सञ्चालन गर्न बाठपाली माविमा कोटा दिएको चाल पाएपछि उनले विद्यालयमा सम्पर्क गरिन् र पढाउँछु भनिन्। ब्रेललिपीबाट एसएलसी पास गरेकी कमलाले यसो भनेपछि दक्ष जनशक्ति खोजीरहेको विद्यालयले उनलाई निजी स्रोतमा राख्यो । गतवर्षदेखि कक्षा सुरु भएको बाठपालीमा ७ जना दृष्टिविहीन बालबालिका छन्। 'कमला मिस आएपछि मजस्ता यहाँका दृष्टिविहीन बालबालिकाहरुले राम्रो सिक्ने अवसर पाएका छौं,' कक्षा ७ मा पढ्दै गरेका दृष्टिविहीन किरण चलाउनेले खुशी हुँदै भने । टाढा टाढाबाट यहाँ आएर पढ्ने गरेका दृष्टिविहीन बालबालिकाहरुको स्याहार-सुसार पनि कमला आफैं गर्ने गर्छिन् ।

कमलाले समाजमा केहि न केहि उल्लेखनीय काम गर्ने सोच बनाएकी छन् । अहिले उनी परिवारको साहारा बनेकी छन् । चार वर्ष अगाडि उनकी आमाको मृत्यु भएपछि कमलाका बाबु आजकाल रक्सी खाने अनि घरपरिवारको मतलब गर्न छोडेका छन् । त्यसैले उनका तीन जना भाइहरुको अभिभावक पनि उनी नै बन्नु परेको छ। घरको आम्दानीको स्रोत भनेकै कमलाको जागिर हो ।

परिवारमामात्र होइन, उनको जस्तो पारिवारिक तथा शारीरिक अवस्थाका बाबजुद पनि उनले पढ्नका लागि गरेको संघर्षले यो क्षेत्रका किशोरीहरुलाई प्रेरणा दिएको छ । यतिबेला गाउँका किशोरीहरु कमलाका कुरा सुन्न र उनलाई साथ दिन तँछाड मछाड् गर्छन् । यो सबै देखिरहेका कमलाका बाबु आफूले विगतमा छोरीप्रति गरेको व्यवहार सम्झेर पश्चाताप गर्छन् अनि आफू कमलाको बाबु भएकोमा गर्व गर्छन् ।

केटी जिस्काउने केटा र सानै उमेरमा स्कूल छोडर विवाह गर्ने केटीहरुको अवस्था महशुस गर्दा किशोर-किशोरीहरुलाई असल शिक्षाको अभाव भए जस्तो लाग्छ कमलालाई । त्यस्तै, दुरदराजमा रहेका आफ्नी आमाजस्तै शिक्षाबाट बञ्चित भएका आमाहरुलाई कमसेकम चेतनामूलक व्यवहारिक शिक्षा दिनुपर्ने खाँचो उनले अनुभव गरेकी छन्। आमाहरुको अज्ञानताका कारणले भोलि कसैले आफ्नो जस्तो जीवन जिउन नपरोस् भनेर नै उनी साथीभाइ तथा छरछिमेकसँग यस्ता सचेतनाका कुरा गर्नेगर्छिन्। अर्कोतिर, अपाङ्गता भएका बालबालिकाहरुलाई सपाङ्गलाई भन्दा धेरै माया र शिक्षाको आवश्यकता पर्नेकुरा राम्ररी बुझेकी उनले

आफ्ना ठाउँबाट सकेजति गर्नकै लागि दृष्टिविहीन बालबालीकाहरुलाई पढाउन थालेको बताउँछिन् ।

तर आफुले पढाउने विद्यालयमा दृष्टिविहीन विद्यार्थीहरुका लागि ब्रेललिपीमा आधारित पाठ्य सामाग्री र  बस्ने, खाने  सुविधा जुटाउन निक्कै हम्मे हम्मे परेको उनी बताउँछिन् । सरकारले दुर दराजका दृष्टिविहीन तथा अरुखाले अपाङ्गता भएका बालबालिकाको शिक्षामा अझै ध्यान दिन नसेको उनको बुझाई छ ।

दुवै आँखाको ज्योति गुमाएकी तर भित्री आत्माले संसार र समाजलाई नियालेकी कमलाले जीवनमा विवाह नगरेर समाजसेवा गर्ने सोच बनाएकी  छन् ।  उनी भन्छिन्, 'सरकारले जिल्लामा दृष्टिविहीनहरुका लागि आवासिय विद्यालय स्थापना गरिदिए यस्ता बालबालिकाकी  आमा बनेर तिनैको सेवा सुसार गर्ने थिएँ, तिनैलाई पढाउने थिएँ ।'

उनको आशा छ, यो इच्छा कुन न कुनै दिन अवश्य पूरा हुनेछ ।

# एकल महिला बनिन् सफल उद्यमी

*– प्रेम नारायण आचार्य*

अर्घाखाँची, सन्धिखर्क-६ की रमा केसीले २८ वर्षको उमेरमै जीवनसाथी गुमाइन्। घरभित्रको काम बाहेक अरु कुराको ज्ञान र सिप नभएकी रमालाई श्रीमानको मृत्युपछि तीनजना छोरीहरुको लालनपालन र शिक्षा दीक्षा दिने जिम्मेवारी मात्र थपिएन भर्खरैमात्र श्रीमानले सुरु गरेको चाउचाउ उद्योग चलाउने वा बन्द गर्ने भन्ने द्विविधासमेत उत्पन्न भयो । रमाका आफन्त र छिमेकीहरुले उनलाई चाउचाउ उद्योग बन्द गरेर मेसिनहरु बिक्री गर्न सल्लाह दिए । तर रमाले भने नाफा घाटा भन्दा पनि श्रीमान्को सपना साकार बनाउने उद्देश्यले उद्योग सञ्चालन गर्ने आँट गरिन् ।

तर उनको उद्योगमा उत्पादन भएको चाउचाउको बिक्री शुन्य भयो । आफैँले उत्पादन गरेको चाउचाउ खाएर रमाका श्रीमान्को मृत्यु भएको हो भन्ने जतातत्तै हल्ला चल्यो । गाउँगाउँमा बिक्रीका लागि पठाएको चाउचाउ फिर्ता भयो । छ महिनासम्म एउटा प्याकेट पनि चाउचाउ बिक्री नहुँदा उनी निक्कै ठूलो ऋणमा डुबिन् । हिम्मत भने उनले हारिनन् । बरु चाउचाउ बिक्री गर्न आफैँ बजार बजार डुल्न थालिन् । उनी शंका गर्नेहरुका अगाडि कुरुम कुरुम चाउचाउ खाएर देखाउँथिन् । उनको यो प्रयासले विस्तारै सकारात्मक मोड लियो । अहिले रमाले उत्पादन गरेको चाउचाउले अर्घाखाँची, गुल्मी र प्युठानका बिभिन्न स्थानमा राम्रो बजार पाएको छ ।

यतिखेर ८ जनालाई रोजगारी दिएकी रमाले सबै खर्च कटाएर मासिक ३० देखि ४० हजार रुपैयाँ बचत गर्ने गर्छिन् । आज भोलि अर्घाखाँचीमा साना उद्यमीहरुको नाम लिनुपर्दा रमा केसीको नाम पहिलो नम्बरमा आउँछ । ग्रामीण भेगमा बसो बास गर्ने सामान्य लेखपढ गर्ने महिलाले पनि उद्योगधन्दा राम्ररी सञ्चालन गर्न सक्छन् भन्ने गतिलो उदारहण दिएकी छन् रमाले । उनको कामको चर्चा कतिसम्म छ भने जिल्लाका कार्यालय प्रमुखहरु, दलका नेता, बाहिरबाट आउने उद्यमी र जिल्लाका उद्यमी अनि विभिन्न क्षेत्रका लब्ध प्रतिष्ठित महिलाहरु

समेत उनको उद्योग अवलोकन गर्न पुगिसकेका छन् ।

खाद्य तथा गुण नियन्त्रण कार्यालयले आयोजना गरेको गुणस्तरीय परीक्षणमा आफ्नो चाउचाउले नेपालमै दोश्रो स्थान प्राप्त गरेपछि तत्कालिन प्रधानमन्त्री माधवकुमार नेपालको हातबाट प्रमाणपत्र पाएकोमा उनी निक्कै खुशी छिन् ।

सरकारले उद्योग धितो राखेर न्युन ब्याजदरमा ऋण उपलब्ध गराएदेखि आफ्नो उद्योगको विस्तार गरेर एकल महिलाले सञ्चादन गरेको देशकै नमुना उद्योग बनाउने उनको योजना छ । उनी एकल महिलालाई राज्यले राहात होइन अधिकार र अवसर दिनुपर्ने बताउँछिन् ।

## यस्तो संसार होस् जहाँ हरेक गर्भ चाहेको, हरेक जन्म सुरक्षित र हरेक किशोरकिशोरी तथा युवाको क्षमता प्रयोग होस् ।

**संयुक्त राष्ट्र जनसंख्या कोष (UNFPA)**

शान्त भवन मार्ग, झम्सिखेल, ललितपुर
पोष्ट बक्स नं. १०७, काठमाडौं, नेपाल
फोन : (९७७-१) ५५२३८८० / ५५२३६३७ / ५५२३९८८
मोबाइल : (९७७) ९८०१०६५००१
फ्याक्स : (९७७-१) ५५४३०७३ / ५५२३९८५
वेबसाइट : nepal.unfpa.org